लोक सेवा आयोग

निक्षेप तथा कर्जा सुरक्षण कोष, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०६।१२

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय : **सेवा सम्बन्धी**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** **५० अङ्क**

१. कार्यालय व्यवस्थापनमा दर्ता तथा चलानीको महत्त्व वर्णन गर्नुहोस् । ५

२. जनसम्पर्कको मुख्य उद्देश्य के हो? यसले संगठनको छवि निर्माणमा कसरी मद्दत पुऱ्याउँछ? लेख्नुहोस् । ५

३. सेवाग्राहीको गुनासोको उचित व्यवस्थापन गर्न नसकिएमा संगठनको छविमा के-कस्ता नकारात्मक प्रभाव पर्न सक्छन्? बुँदागत टिपोट तयार गर्नुहोस् । ५

४. अभिलेख व्यवस्थापनको परिचय दिँदै यसको प्रमुख उद्देश्य उल्लेख गर्नुहोस् । ५

५. दोहोरो लेखा प्रणाली एकोहोरो लेखा प्रणालीभन्दा कुन कुन आधार वा विशेषताका आधारमा उन्नत (Advanced) लेखा प्रणाली ठान्नु हुन्छ? प्रष्ट पार्नुहोस् । ५

६. वासलात (Balance Sheet) को सम्पत्ति (Assets) तर्फ र पूँजी तथा दायित्व तर्फ रहने शीर्षकहरू उल्लेख गर्नुहोस् । ५

७. जनशक्ति व्यवस्थापनका प्रमुख पक्षहरू के के हुन्? जनशक्ति व्यवस्थापनले संगठनको उद्देश्य हासिल गर्न कसरी योगदान पुऱ्याउँछ? संक्षिप्तमा प्रकाश पार्नुहोस् । ५+५=१०

८. आन्तरिक र बाह्य लेखा परीक्षणको परिचय दिनुहोस् । निक्षेप तथा कर्जा सुरक्षण कोषमा आन्तरिक लेखा परीक्षणको आवश्यकता र महत्त्व चर्चा गर्नुहोस् । ५+५=१०

**खण्ड "ख"** **५० अङ्क**

९. नेपालमा कर्जा सुरक्षणको अवस्था चर्चा गर्दै अपेक्षाकृत रूपमा यसको विस्तार हुन नसक्नुका कारणहरू बुँदागत रूपमा लेख्नुहोस् । २+३=५

१०. निक्षेप तथा कर्जा सुरक्षण र बीमाबीचमा रहेको समानता र भिन्नता संक्षिप्तमा उल्लेख गर्नुहोस् । ५

११. निक्षेप तथा कर्जा सुरक्षण कोषबाट निक्षेप सुरक्षण सम्बन्धमा सञ्चालित कार्यक्रमहरूको जानकारी दिनुहोस् । ५

१२. मूल्य स्थिरता कायम गर्न नेपाल राष्ट्र बैंकको कस्तो भूमिका रहेको छ? वर्णन गर्नुहोस् । ५

१३. नेपालको संविधानबमोजिम नेपाली नागरिकको कर्तव्यहरू उल्लेख गर्नुहोस् । ५

१४. कर्जा प्रवाह गरे पश्चात् सोको सदुपयोगिता सम्बन्धमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था खुलाउनुहोस् । ५

१५. नेपालमा निक्षेप सुरक्षणको लागि जिम्मेवार एकमात्र निकायको रूपमा रहेको निक्षेप तथा कर्जा सुरक्षण कोषको सबल तथा दुर्बल पक्ष एवम् अवसर र चुनौतीहरू उल्लेख गर्नुहोस् । ५+५=१०

१६. भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम राजस्व चुहावटको कसूर र उक्त कसूर गर्ने राष्ट्रसेवकलाई हुने सजाय सम्बन्धमा भएको व्यवस्था जानकारी गराउनुहोस् । १०

:: **समाप्त** ::